मुख्यमन्त्री

प्रदेश नं.१, विराटनगर

# शुभकामना

विश्वका श्रमिक मजदुरहरूको हकअधिकार स्थापित भएको दिनको स्मरण गर्दै प्रत्येक वर्ष अंग्रेजी महिनाको मे १ का दिन मनाइने 'विश्व मजदुर दिवस/अन्तर्राष्ट्रिय श्रमिक दिवस'का अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण श्रमजीवी दाजुभाइ, दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

मजदुर तथा श्रमजीवी वर्गको एकता, संघर्ष र बलिदानीबाट आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनसहितको अधिकार स्थापित भएको स्मरण गर्ने गौरवमय दिनको रूपमा हरेक वर्ष मे १ लाई विश्वभर अन्तर्राष्ट्रिय श्रमिक दिवसको रूपमा मनाइन्छ। सन् १८८६ मे १ मा अमेरिकाको शिकागो शहरमा मजदुरहरूले अधिकार प्राप्तिका लागि शान्तिपूर्ण आन्दोलन गरेका थिए। व्यापक धरपकड र दमन भएको उक्त आन्दोलनको तीन वर्षपछि सन् १९८९ मा फ्रान्समा सम्पन्न विश्वका मजदुर र रोजगारदाताहरूबीचको बैठकले मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउने निर्णय गरेपश्चात् आज हामी आज १३३ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइरहेका छौं।

नेपालको प्रजातान्त्रिक संघर्षको इतिहासमा पनि मजदुर आन्दोलनको महत्वपूर्ण योगदान रहेको छ। वि.सं. २००७ सालमा प्रदेश नं. १ को औद्योगिक नगरी विराटनगरबाट नै श्रमिक मजदुरहरूले प्रजातन्त्रको बिगुल फुकेका थिए। मजदुरहरूले सुरु गरेको नेपालको प्रजातान्त्रिक आन्दोलनको म यस बेला विशेष स्मरण गर्न चाहान्छु। यस अवसरमा सबै नेपाली श्रमिक तथा मजदुरहरूले आफ्नो हक-अधिकारको पूर्ण जीवनोपयोगी र सार्थक रुपमा प्रयोग गर्न सकून् भन्दै प्रदेश नं. १ सहित देश, विदेशमा बस्नुहुने सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

राजेन्द्रकुमार राई
मुख्यमन्त्री

मिति : २०७९ बैशाख १८ गते, आइतबार